सूचना २

श्री ५ को सरकारले वनक्षेत्र सुदृढीकरणको लागि देहायबमोजिमको मोरङ सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति गठन गरेको छ ।

(क) समितिको गठन विधिः–

(१) श्री रत्नबहादुर गुरूङ – अध्यक्ष

(२) श्री ५ को सरकारबाट मनोनीत दुईजना व्यक्ति – सदस्य

(३) सम्बन्धित प्रमुख जिल्ला अधिकारी – पदेन सदस्य

(४) सम्बन्धित जिल्ला प्रहरी अधिकृत (डी. एस. पी.) भएको स्थानमा डी. एस. पी. सो नभएमा इन्स्पेक्टर – पदेन सदस्य

(५) सम्बन्धित जिल्लामा प्रमुख मालपोत अधिकृत भए प्रमुख मालपोत अधिकृत नभएमा मालपोत अधिकृत – पदेन सदस्य

(६) सम्बन्धित क्षेत्रका बसोबास प्रशासक – पदेन सदस्य

(७) सम्बन्धित नापी क्याम्पका प्रमुख वा उप-प्रमुख – पदेन सदस्य

(८) नेपाल पुनर्वास कम्पनीको सम्बन्धित जिल्लास्थित आयोजना प्रमुख – पदेन सदस्य

(९) सम्बन्धित जिल्ला वन नियन्त्रक – सदस्य-सचिव

द्रष्टव्यः– सम्बन्धित जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्नुहुने माननीय राष्ट्रिय पञ्चायतका सदस्यहरू जिल्लामा उपस्थित हुनुभएका बखत अनिवार्यरूपमा आमन्त्रण गर्नु पर्नेछ ।

(ख) समितिको काम, कर्तब्य र अधिकारः–

(१) वन जङ्गल क्षेत्रमा अतिक्रमण गरी बसेकाहरूलाई उक्त क्षेत्रबाट हटाउने ।

(२) वनमा अतिक्रमण हटाई वनको सुदृढीकरण गर्ने र नयाँ वन अतिक्रमण हुन नदिने ।

(३) सट्टा भर्ना दिनको लागि छुटयाइएको जग्गामा अरू उनाउ व्यक्तिहरू आई जबर्जस्ती बसेकाहरूलाई सो क्षेत्रबाट हटाई सट्टा भर्ना दिनु पर्नेहरूलाई दिने ।

(४) अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिई सकेको जतिको मात्र कारवाही गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५५

(५) ऐलानी जग्गा वितरण गर्ने सिलसिलामा जग्गा चलानी पूर्जा एकको नाममा भएको जग्गाको जोतभोग अरूले नै गरी विवाद उत्पन्न भएकोमा वास्तविक जोतभोगवाला पत्ता लगाई निजकै नाउँमा जग्गाधनी प्रमाण-पूर्जा वितरण गर्ने ।

(६) पुनर्वास, बसोबास गराउने तथा सट्टा भर्ना दिने सम्बन्धमा वनक्षेत्र छुटचाई पूरा वा आंशिक कटान गरी सकेका क्षेत्रहरूमा योजना तथा निर्णय अनुसार बसोबास गराउने ।

(७) सट्टा भर्ना दिई हटाउने क्षेत्रको सन्दर्भमा वनक्षेत्र छुटचाई कटानी शुरू भई नसकेको भए क्रमशः क्षतिपूर्ति दिने व्यवस्था गरी क्रमशः हटाउने, नयाँ थप वन कटानी नगर्ने ।

(८) योजनानुसार सुरक्षा पेटीहरू कायम गर्दा सो क्षेत्रमा बसोबास गर्नेहरूलाई अब सट्टा भर्ना दिई हटाउने व्यवस्था नगर्ने ।

यस्ता सुरक्षा पेटीमा कृषिजन्य वन व्यवस्था (एग्रो फरेष्ट्री) को सिद्धान्त अपनाई खेतीको साथै वृक्षारोपण गराउने व्यवस्था गर्ने । यस क्षेत्रमा अव्यवस्थित रूपले बसेकालाई हाललाई व्यवस्थित गरी उपरोक्त कार्यक्रम चालू गर्ने । नम्बरीवाला जग्गाधनीहरूलाई पनि कृषि ऋण जस्तो नगदी ऋणको सुविधा उपलब्ध समेत गराई वृक्षारोपणमा प्रोत्साहण गर्ने । यस्तो कृषिजन्य वन व्यवस्था स्थायी रूपमा गर्न नचाहनेहरूलाई क्रमशः नगदी मुआब्जा दिई हटाउने ।

(९) बसोबास गराउना निमित्त परिवारको छनौट गर्दा वा बसोबास व्यवस्थित गराउँदा स्थानीय पिछडिएका वर्गहरूको हकमा विशेष ध्यान दिने दिलाउने ।

(१०) नम्बरी जग्गाको नाताले नम्बरीभन्दा बढी जग्गा भोगटेकाहरूको बढी जग्गा झिकी पुनर्वाससम्बन्धी नियम व्यवस्थानुसार वितरण गर्ने ।

(११) सट्टा भर्ना पाउने जग्गावालालाई एक ठाउँभन्दा बढी ठाउँको जग्गाबाट सट्टा भर्ना दिनु परेमा निजले पाउने सट्टा भर्ना जग्गा सकेसम्म एकै ठाउँमा दिन लगाउन सक्ने ।

(१२) समितिले आफ्नो कार्यक्षेत्रमा आइपरेका वा पर्ने अन्य समस्याहरूलाई समितिलाई भएको अधिकार व्यवहारिकताको आधारमा समाधान गर्ने गराउने ।

(१३) समितिले गर्नु पर्ने काम सम्पन्न गराउने सम्बन्धमा समितिले श्री ५ को सरकारका विभिन्न निकायहरूद्वारा गर्न गराउन आवश्यक निर्देशन वा आदेश दिन सक्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४६

(१४) माथि उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त श्री ५ को सरकारको निर्णय निर्देशन अनुसार काम गर्ने ।

(१५) वनक्षेत्र कायम गरी अव्यवस्थित बसोबास व्यवस्थित गर्ने समितिले अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिई सकेकोमा हाम्रो लगत लिन छाडिदियो भनी भनेमा कुनै कारवाही नगर्ने । उपरोक्त लगतमध्ये व्यवस्थित नगरी नहुनेलाई मात्र यस समितिले पुनरावलोकन गरी व्यवस्थित गराउने ।

(१६) जग्गा सट्टा भर्ना दिन र बसोबास व्यवस्था गर्नको लागि छुट्याइएको जग्गा नाप नक्सा गर्दा बीच बीचमा कित्ताहरू छुट हुन गएको भन्ने बुझिएकोले यस समितिले सम्बन्धित नक्सा र फिल्डको चेक गरी त्यस्तो जग्गा निकाल्ने ।

(१७) आवादीहरूको बीच बीचमा रहेको फाटफुट जङ्गलहरू ग्रामीण उपयोगका लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने ।

(१८) बसोबास लायक नठहरिने वनक्षेत्र बसोबासको निमित्त नछुट्याई वन नै कायम गर्न लगाउने । यस्ता वन ग्रामीण उपयोगको लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने ।

(१९) बसोबासको निमित्त छुट्याइएको तर बसोबास नगराइएका वनक्षेत्र बसोबास लायक वा बेलायक जमिन सर्जमीन भै हेरी व्यवहारिकताको आधारमा बसोबास लायक नभए वितरण नगर्ने ।

(२०) नम्बरीदार र अव्यवस्थित बसोबासको समस्याबारे सर्जमिन भै गई हेरी समाधान गर्न लगाइनेछ ।

(२१) समितिले आफ्नो कार्यको सिलसिलामा आफ्नो अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशन सम्बन्धित जिल्ला तथा अञ्चलस्तरीय कार्यालयहरूले (न्यायपालिका र शाही सेना बाहेक) अविलम्ब कार्यान्वित गर्नु पर्ने गरी सम्बन्धित मन्त्रालयहरूबाट सम्बन्धित निकायहरूलाई आदेश दिने ।

(२२) सट्टा भर्ना पाउने व्यक्तिलाई समितिले जग्गाधनी पुर्जा दिई जग्गा दिई सकेपछि जग्गाधनी नआई सो जग्गा उपयोग नगरी अरूले अतिक्रमण गरी बसेमा श्री ५ को सरकार फेरि जग्गा उपलब्ध गराउन बाध्य हुने छैन । जग्गा सट्टा भर्ना दिन नपुग भएमा अरू नयाँ वनक्षेत्र कटान गरिने छैन, उपयुक्तता हेरी नगद मुआब्जा दिने व्यवस्था गर्ने ।

(२३) पुनर्वास कम्पनीले निर्णय तथा कार्यक्रम अनुरूप छुट्याई सकेको क्षेत्रमा कार्य गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
226

(२४) पुनर्वास कम्पनीले बसोबासको लागि पूरै वा घडेरी प्लट मात्र बाँडेको क्षेत्रमा कृषि प्लट वितरण गर्ने र अरू विकाससम्बन्धी कार्यहरू कार्यक्रम अनुरूप गर्ने। गाउँको प्लान तयार भैरहेको र कटान कम वा बेसी भैसकेको भए तापनि वितरण नभएको क्षेत्रमा कुनै कार्यक्रम नगर्ने।

(२५) जिल्लाको समस्या अनुसार विराटनगर वन डिभिजनको क्षेत्रमा वन सिमाना सीधा गरी उपलब्ध गराइएका जग्गामा कोशी टप्पु वन्य जन्तु आरक्ष विस्तारको लागि र हात्तीलेंटा, पेल्टामारीबाट उठाइएका परिवारहरूलाई दिइने सट्टा भर्नाको लागि केचना क्षेत्रमा छुट्याई सकेको जग्गाबाट अतिक्रमणकारी-हरूलाई हटाई जग्गा सट्टा दिने, यसरी सट्टा भर्ना दिन जग्गा नपुग भएमा मं. प. को २०३६।६।११ को निर्णय अनुसार प्रति विगाहा रू. २,५००।– (दुई हजार पांचसय) रूपैयाँसम्म मुआब्जा दिने व्यवस्था भएकोमा जग्गा सट्टा भर्ना र मुआब्जा दिन साबिक आयोगले बाँकी राखेको सम्पन्न गर्नु पर्ने कामहरू बाँकी रहे जति सबै यसै समितिले गर्ने। उक्त क्षेत्रमा भएको अतिक्रमणकारीहरूलाई पनि यसै समितिले हटाई दिने। यस काममा झापा जिल्लाको वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिले पनि समन्वय कायम गरी सहयोग गर्ने।

(२६) मोरङ जिल्ला राजमार्ग उत्तर हस्सेडुम्सेबाट उठाइएको परिवारहरू मध्ये केहीले सर्वोच्च अदालतमा रिट दिई तहाँबाट नम्बरी जग्गा ठहराई फैसला भै सोबमोजिम नम्बरी जग्गाको सट्टा भर्ना दिने भनेका क्षेत्रमा साबिकमा ढालफाँड गर्नेले हामीले पाउनु पर्ने जग्गा अरूलाई दियो नापी रोक्का गरी पाउँ भनी अंचल अदालतमा १४० परिवारले उजूर गरी करीब ३०० विगाहा जग्गाको नापी रोक्का गराई सोही क्षेत्रमा पुनः अतिक्रमण भई समस्या परेको बारे साबिक आयोगले समाधान गर्न बाँकी रहेकोमा अदालतको निर्णय अनुसार सट्टा भर्ना दिनु पर्ने बाँकी भएमा र जग्गा उपलब्ध भएमा जग्गा नै सट्टा भर्ना दिने जग्गा उपलब्ध नभए नगद मुआब्जा दिने। यस क्षेत्रमा भएको अतिक्रमणकारीहरूलाई हटाई दिने।

(२७) झापाका साबिकको किपटिया हाल नम्बरीवाला जग्गाधनीहरू र मोहीहरूको हकमा माथि दफा ४ मा उल्लेख भए बमोजिम गर्ने।

(२८) सुनसरी जिल्लाको सर्दु जलाधार क्षेत्रबाट आवादी उठाई अन्य जग्गा दिई बसोबास गराई सकिए तापनि खाली भएको क्षेत्रमा उनाउ परिवार आई पुनः अतिक्रमण गरेकोमा अतिक्रमणकारीहरूलाई उठाई सो जलाधार क्षेत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२८

सम्बन्धित वन कार्यालयद्वारा निर्देशन बमोजिम गर्ने, गराउने गरी जिम्मा लगाई दिने काम बाँकी भए पूरा गर्ने ।

(२९) कसेनी गा. पं. अन्तर्गत मोहनलाल गिरी समेतले कमाई खाएको जग्गा वन-क्षेत्रभित्र पर्न गयो भनी साबिक समितिको निर्णय अनुसार ४।५ बिगाहाको सट्टा २ नं. नक्कली रसिदको आधारमा ६४.५ बिगाहा जग्गा दिई भ्रष्टाचार गर्‍यो भन्ने विषयमा प्र. जि. अ. मोरङबाट कारवाही भैरहेको मुद्दा किनारा लागी आयोगले समस्या समाधान गरी नसकेको भए मुद्दा चाँडो किनारा गर्न लगाई सोको परिणाम हेरी कारवाही गर्ने ।

(३०) राजमार्ग उत्तर ठूला ठूला जङ्गलको बीचमा रहेको आवादीहरूलाई अब सकेसम्म नयाँ जङ्गल कटान नगर्ने नीति भएकोले हटाउनुपर्ने नम्बरी आवादीहरू र लगत मै व्यवस्थित गराउने निर्णय भैसकेका अव्यवस्थित परिवारहरूलाई पुनरावलोकन गरी त्यहाँ व्यवस्थित गरी आन्तरिक सिमाङ्कन गर्ने र पछि हटाउनु पर्ने अवस्था परेमा क्रमशः नगद मुआब्जा दिई हटाउने व्यवस्था गर्ने ।

(ग) समितिको कार्यविधि र ठाउँः (१) समितिको कार्यविधि २०४३ साल आषाढ मसान्तसम्म तोकिएको छ ।

(२) यस समितिले माथि लेखिएका कुराहरूमा सोहीबमोजिम र अरू काम कुराहरूमा बसोबास तथा पुनर्वास कम्पनीको कार्यविधि अनुसार गर्नेछ ।

(३) यस समितिको कार्यक्षेत्र कोशी अञ्चलको मोरङ सुनसरी जिल्ला हुनेछ ।

सूचना ३

श्री ५ को सरकारले वनक्षेत्र सुदृढीकरणको लागि देहायबमोजिमको नवल-परासी जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति गठन गरेको छ ।

(क) समितिको गठनविधिः–

(१) श्री तीर्थनाथ गङ्गोल – अध्यक्ष

(२) श्री ५ को सरकारबाट मनोनीत दुईजना व्यक्ति – सदस्य

(३) सम्बन्धित प्रमुख जिल्ला अधिकारी – पदेन सदस्य

(४) सम्बन्धित जिल्ला प्रहरी अधिकृत (डी. एस्. पी.) भएको स्थानमा डी. एस्. पी. सो नभएमा इन्स्पेक्टर – पदेन सदस्य

(५) सम्बन्धित जिल्लामा प्रमुख मालपोत अधिकृत भए प्रमुख मालपोत अधिकृत नभएमा मालपोत अधिकृत – पदेन सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२५

(६) सम्बन्धित क्षेत्रका बसोबास प्रशासक — पदेन सदस्य
(७) सम्बन्धित नापी क्याम्पका प्रमुख वा उप-प्रमुख — पदेन सदस्य
(८) नेपाल पुनर्वास कम्पनीको सम्बन्धित जिल्ला स्थित आयोजना प्रमुख — पदेन सदस्य
(९) सम्बन्धित जिल्ला वन नियन्त्रक — सदस्य-सचिव

द्रष्टव्य:— सम्बन्धित जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्नु हुने माननीय राष्ट्रिय पञ्चायतका सदस्यहरू जिल्लामा उपस्थित हुनुभएका बखत अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्नेछ ।

(ख) समितिको काम, कर्तव्य र अधिकार:—

(१) वन जङ्गल क्षेत्रमा अतिक्रमण गरी बसेकाहरूलाई उक्त क्षेत्रबाट हटाउने ।

(२) वनमा अतिक्रमण हटाई वनको सुदृढीकरण गर्ने र नयाँ वन अतिक्रमण हुन नदिने ।

(३) सट्टा भर्ना दिनको लागि छुट्याइएको जग्गामा अरू उनाउ व्यक्तिहरू आई जबरजस्ती बसेकाहरूलाई सो क्षेत्रबाट हटाई सट्टा भर्ना दिनु पर्नेहरूलाई दिने ।

(४) अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिइसकेको जतिको मात्र कारवाही गर्ने ।

(५) ऐलानी जग्गा वितरण गर्ने सिलसिलामा जग्गा चलानी पूर्जा एकको नाममा भएको जग्गाको जोतभोग अरूले नै गरी विवाद उत्पन्न भएकोमा वास्तविक जोतभोगवाला पत्ता लगाई निजकै नाउँमा जग्गाधनी प्रमाण पूर्जा वितरण गर्ने ।

(६) पुनर्वास, बसोबास गराउने तथा सट्टा भर्ना दिने सम्बन्धमा वनक्षेत्र छुट्याई पूरा वा आँशिक कटान गरिसकेको क्षेत्रहरूमा योजना तथा निर्णय अनुसार बसोबास गराउने ।

(७) सट्टा भर्ना दिई हटाउने क्षेत्रको सन्दर्भमा वनक्षेत्र छुट्याई कटानी शुरू भई नसकेको भए क्रमश: क्षतिपूर्ति दिने व्यवस्था गरी क्रमश: हटाउने, नयाँ थप वन कटानी नगर्ने ।

(८) योजनानुसार सुरक्षा पेटीहरू कायम गर्दा सो क्षेत्रमा बसोबास गर्नेहरूलाई अब सट्टा भर्ना दिई हटाउने व्यवस्था नगर्ने ।

यस्ता सुरक्षा पेटीमा कृषिजन्य वन व्यवस्था (एग्रो फरेष्ट्री) को सिद्धान्त अपनाई खेतीको साथै वृक्षारोपण गराउने व्यवस्था गर्ने । यस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६०

क्षेत्रमा अव्यवस्थित रूपले बसेकालाई हाललाई व्यवस्थित गरी उपरोक्त कार्यक्रम चालू गर्ने । नम्बरीवाला जग्गाधनीहरूलाई पनि कृषि ऋण जस्तो नगदी ऋणको सुविधा उपलब्ध समेत गराई वृक्षारोपणमा प्रोत्साहन गर्ने । यस्तो कृषिजन्य वन व्यवस्था स्थायी रूपमा गर्न नचाहनेहरूलाई क्रमशः नगदी मुआब्जा दिई हटाउने ।

(९) बसोबास गराउना निमित्त परिवारको छनौट गर्दा वा बसोबास व्यवस्थित गराउँदा स्थानीय पिछडिएका वर्गहरूको हकमा विशेष ध्यान दिने दिलाउने ।

(१०) नम्बरी जग्गाको नाताले नम्बरीभन्दा बढी जग्गा भोगटेकाहरूको बढी जग्गा झिकी पुनर्वाससम्बन्धी नियम व्यवस्थाअनुसार वितरण गर्ने ।

(११) सट्टा भर्ना पाउने जग्गावालालाई एक ठाउँभन्दा बढी ठाउँको जग्गाबाट सट्टा भर्ना दिनु परेमा निजले पाउने सट्टा भर्ना जग्गा सकेसम्म एकै ठाउँमा दिन लगाउन सक्ने ।

(१२) समितिले आफ्नो कार्यक्षेत्रमा आइपरेका वा पर्ने अन्य समस्याहरूलाई समितिलाई भएको अधिकार र व्यवहारिकताको आधारमा समाधान गर्ने गराउने ।

(१३) समितिले गर्नुपर्ने काम सम्पन्न गराउने सम्बन्धमा समितिले श्री ५ को सरकारका विभिन्न निकायहरूद्वारा गर्न गराउन आवश्यक निर्देशन वा आदेश दिन सक्ने ।

(१४) माथि उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त श्री ५ को सरकारको निर्णय निर्देशन अनुसार काम गर्ने ।

(१५) जग्गा सट्टा भर्ना दिन र बसोबास व्यवस्था गर्नको लागि छुट्याइएको जग्गा नाप नक्सा गर्दा बीच बीचमा कित्ताहरू छुट हुन गएको भन्ने बुझिएकोले यस समितिले सम्बन्धित नक्सा र फिल्डको चेक गरी त्यस्तो जग्गा निकाल्ने ।

(१६) आवादीहरूको बीच बीचमा रहेको फाटफुट जङ्गलहरू ग्रामीण उपभोगका लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने ।

(१७) बसोबास लायक नठहरिने वनक्षेत्र बसोबासको निमित्त नछुट्याई वन नै कायम गर्न लगाउने। यस्ता वन ग्रामीण उपभोगको लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने ।

(१८) बसोबासको निमित्त छुट्याइएको तर बसोबास नगराइएका वनक्षेत्र बसोबास लायक वा बेलायक जमिन सर्जमिन भै हेरी व्यवहारिकताको आधारमा बसोबास लायक नभए वितरण नगर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८९

(१९) नम्बरीदार र अव्यवस्थित बसोबासको समस्याबारे सर्जमिन भै गई हेरी समाधान गर्न लगाइनेछ ।

(२०) समितिले आफ्नो कार्यको सिलसिलामा आफ्नो अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशन सम्बन्धित जिल्ला तथा अञ्चलस्तरीय कार्यालयहरूले (न्यायपालिका र शाही सेना बाहेक) अविलम्ब कार्यान्वित गर्नु पर्ने गरी सम्बन्धित मन्त्रालयहरूबाट सम्बन्धित निकायहरूलाई आदेश दिने ।

(२१) सट्टा भर्ना पाउने व्यक्तिलाई समितिले जग्गाधनी पूर्जा दिई जग्गा दिइसकेपछि जग्गाधनी नआई सो जग्गा उपयोग नगरी अरूले अतिक्रमण गरी बसेमा श्री ५ को सरकार फेरि जग्गा उपलब्ध गराउन बाध्य हुने छैन । जग्गा सट्टा भर्ना दिन नपुग भएमा अरू नयाँ वनक्षेत्र कटान गरिने छैन, उपयुक्तता हेरी नगद मुआब्जा दिने व्यवस्था गर्ने ।

(२२) पुनर्वास कम्पनीले निर्णय तथा कार्यक्रम अनुरूप छुटचाइसकेको क्षेत्रमा कार्य गर्ने ।

(२३) पुनर्वास कम्पनीले बसोबासको लागि पूरै वा घडेरी प्लट मात्र बाँडेको क्षेत्रमा कृषि प्लट वितरण गर्ने र अरू विकाससम्बन्धी कार्यहरू कार्यक्रम अनुरूप गर्ने । गाउँको प्लान तयार भैरहेको र कटान कम वा बेसी भइसकेको भए तापनि वितरण नभएको क्षेत्रमा कुनै कार्यक्रम नगर्ने ।

(२४) जिल्लाको समस्या अनुसार लुम्विनी अञ्चलको नवलपरासी जिल्लाको वन अतिक्रमण र बसोबाससम्बन्धी समस्या समाधान गर्ना निमित्त लुम्विनी अञ्चलाधीशको अध्यक्षतामा गठित भू-उपयोगिता नक्सा अनुसार वनक्षेत्र कायम गर्ने समितिले लगत लिइसकेकोमा हाम्रो लगत लिन छाडी दियो भनि भनेमा कुनै कारवाही नगर्ने । उपरोक्त लगत र आयोगको निर्णयमध्ये व्यवस्थित नगरी नहुनेलाई मात्र यस समितिले पुनरावलोकन गरी व्यवस्थित गराउने ।

(२५) राजमार्ग उत्तर या दक्षिण ठूला ठूला जङ्गलको बीचमा रहेको फाटफुट आवादीहरूलाई अब सकेसम्म नयाँ जङ्गल कटान नगर्ने नीति भएकोले कटाउनु पर्ने नम्बरी आवादी र लगत भएका अव्यस्थित बसोबासीलाई त्यहीं व्यवस्थित गरी आन्तरिक सिमाङ्कन गरी राख्ने ।

(२६) राजमार्ग उत्तरको क्षेत्रबाट उठाई दक्षिणतर्फ बसोबास गराइएकोमा केही परिवारहरूले आफू बसी आएको क्षेत्र पुरानो नम्बरी विर्ता क्षेत्र भन्ने दावी गरी सर्वोच्च अदालतमा रिट दिई उक्त क्षेत्रमा आफ्नो हक कायम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२